राष्ट्रिय सभाका माननीय उपाध्यक्ष उर्मिला अर्यालले २०८० श्रावण १ गते संघीय संसद सचिवालयको सांसद सुविधा व्यवस्थापन शाखाको दर्ता नं १ मा दर्ता गरी बुझाएको आर्थिक बर्ष २०७९/८० को सम्पत्ति विवरण

**१. घर जग्गा**

क. प्युठान न.पा वडा नं ४ मा घडेरी २ रोपनी श्रीमान यमबहादुर थापाको नाममा रहेको (स्रोत पैतृक) ।

ख. प्युठान न.पा वडा नं ४ मा जग्गा १३ रोपनी श्रीमान यमबहादुर थापाको नाममा (स्रोत पैतृक) ।

ग. पर्सा विरगञ्ज महानगरपालिका वडा नं १४ मा जग्गा ३ कठ्ठा ८ धुर श्रीमान यमबहादुर थापाको नाममा रहेको स्रोत श्रीमानको र आफ्नो आयबाट खरिद गरिएको ।

घ. बुढानिलकण्ठ नगरपालिका वडा नं ४ मा १८ आना घडेरी रु ४ करोडमा किनेको । स्रोत बालकोटको घर जग्गा बेचेको पैसा र सावल सहकारी संस्थाबाट रु २ करोड ५३ लाख ऋण लिएर खरिद गरेको ।

**गरगहना**

क. सुनको गहना १२ तोला स्रोत दाईजो बापत प्राप्त ।

ख. हिराको गहना १ सेट स्रोत दाईजो बापत प्राप्त ।

ग. निलमको गहना १ सेट स्रोत दाईजो बापत प्राप्त ।

घ. चाँदी अन्दाजी ३०० तोला स्रोत स्वआर्जन र श्रीमानको आर्जनबाट किनेको र दाईजो तथा उपहार वापत प्राप्त समेत ।

**नगद तथा बैंक मौजदात**

एभरेष्ट बैंक र राष्ट्रिय बाणिज्य बैकमा गरेर जम्मा ७४०००|-

**धितोपत्र, शेयर**

१. एभरेष्ट बैंकको ४०० किता साधारण शेयर ।
२. साहस उर्जा कम्पनी लि. २५० कित्ता साधारण शेयर ।
३. अन्य विभिन्न कम्पनीहरुको ३०० कित्ता साधारण शेयर ।
४. हिमालयन उर्जा कम्पनीको २८००० कित्ता साधारण शेयर श्रीमान यमबहादुर थापाको नाममा रहेको । शेयर खरिदको स्रोत स्वआर्जन र श्रीमानको आर्जनबाट विभिन्न समयमा खरिद गरिएको ।

**ऋण लिएको र तिरेको**

२०७० सालमा बुढानिलकण्ठ न.पा. वडा नं ४ मा जग्गा खरिद गर्न सावल सहकारी संस्थाबाट २ करोड ५३ लाख ऋण लिएकोमा विरगञ्जमा २ कठ्ठा जग्गा, भक्तपुर चाँगुनारायणको १ रोपनी, दुवाकोटको १० आना जग्गा बेचेर २ करोड ३० लाख ऋण तिरेको र २३ लाख ऋण तिर्न अझ बाँकी ।

**विविध**

ल्यापटप -१ थान, टिभी - ३ थान लगायत फर्निचरका सामानहरु आफ्नो र श्रीमानको आम्दानीबाट खरिद गरिएको ।